
# मकै बालीमा लाग्ने अमेरिकन फौजी कीरा र यसको व्यवस्थापन
## (American Fall Army worm–FAW, *Spodoptera frugiperda*)

## पहिचान



- यो कीरा मकै बालीमा लाग्ने पुतली वर्गको रात्रीचर कीरा हो ।
- यस कीराको जीवनचक्र ४ अवस्थाहरु (अण्डा, लार्भा, प्युपा, वयस्क) हुन्छन । जुन पुरा गर्न २८ देखि ४८ दिनसम्म लाग्ने गर्दछ ।
- मुख्यतया मकै बाली मन पराउने यस कीराले मकै नपाएमा जुनेलो धान गहँ कोदो उँखु घाँसेबालीहरु तेलबाली काँक्रा लगाएतका लहरे तरकारी जस्ता बालीमा समेत क्षती गर्दछ ।
- यो कीराको वयस्क पुतली अण्डा पार्न ५०० किलो मिटर टाढासम्म पनि उडेर जान सक्छ । वयस्क लार्भाको निधारमा दुइवटा आँखाको बिच भागमा अंग्रेजी अक्षरको उल्टो Y जस्तो चिन्ह देखिन्छ । शरीरको अन्य भागमा पनि केहि उठेको काला थोप्लाहरु रती थोप्लाहरु स्पष्ट रुपमा देख्न सकिन्छ ।

## क्षतिको लक्षणः

- लार्भाले मकैको पात गुवो धानचमरा जुँगा घोगा तथा डाँठमा समेत क्षति पुर्यानउँछ ।
- पातको बाहिरी सतहमा मात्र कोत्रेर खान्छ जसले गर्दा पातमा सिसाको झ्या ल जस्तो आकृतिहरु देखिन्छ । त्यसपछि यी लार्भाहरु आफैले बनाएको रेसाहरु र हावाको मदत ले अन्य बोटहरुमा फैलिन्छन ।
- कलिलो अवस्थाको मकैको गुवो भित्र प्वाँल पारी पस्दै खान थाल्दछ ।



## व्यवस्थापन

- खेतबारीमा मकै उम्रेदेखि नियमित रुपमा अनुगमन गरी कीराको उपस्थिति र सम्भावित आँकलन गर्ने ।
- मकैको एकल बाली लगाउनु भन्दा कोशेबाली अन्तरबाली वा मिश्रित बालीको रुपमा लगाउने ।
- एउटा पकेट क्षेत्रमा सकेसम्म एकै समयमा र अगाडि मकै रोप्ने ।
- डेस्मोडियम घाँसबाट यो कीरालाई मन नपर्ने गन्ध आउने हुनाले विकर्षन बालीको रुपमा मकैको बीच बीचमा लगाउने र छेउछाउमा पासो बालीको रुपमा नेपियर घाँस लगाएर कीरालाई आकर्षित गरी नेपियरमा मात्र विषादी प्रयोगद्वारा मार्न सकिन्छ ।
- मकैको पातमा लार्भाले क्षती गरेको प्वालहरु तथा गुभोमा क्षतीको लक्षण देखा परेमा अनिवार्य रुपमा सुरक्षित पहिरन लगाई निम्नानुसार रासायनिक विषादी आलोपालो गरी मिसाएको घोल प्रति रोपनी २५ लिटरका दरले प्रयोग गर्नुपर्दछ ।
- स्पाइनोस्याड ११.७ एस.सी. १ मि.लि प्रति २ लिटर पानीका दरले वा इमामेक्टिन बेन्जोयट ५ % एस.जी.१ ग्राम प्रति २.५ लिटर पानीका दरले वा क्लोरएन्ट्रानिलीप्रोल (chlorantraniliprole)१८.५ प्रतिशत १ मि.लि प्रति २.५ लिटर पानीका दरले वा स्पाइनोस्याड ४५% एस.सी.१ मि.लि. प्रति ३ लिटर पानीका दरले प्रयोग गर्ने ।

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
**बाली संरक्षण प्रयोगशाला**
पोखरा, नेपाल